गोरखापत्र दैनिक (२०८२ आश्विन २४ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## प्रि-डिप्लोमा तहको औद्योगिक प्रशिक्षार्थी तालीम (Apprenticeship) कार्यक्रममा प्रशिक्षणका लागि आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना !

**(सूचना प्रकाशित मिति २०८२।०६।२४ गते)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, तालीम विकास महाशाखाको समन्वयमा शैक्षिक सत्र २०८२/०८३ मा सञ्चालन गरिने प्रि-डिप्लोमा तहको २४ महिना अवधिको औद्योगिक प्रशिक्षार्थी तालीम **(Apprenticeship)** कार्यक्रममा देहाय बमोजिमका शैक्षिक कार्यक्रम तथा कोटाहरूमा निम्न सर्तहरूको अधीनमा रही भर्नाका लागि परिषद् कार्यालयबाट औद्योगिक प्रशिक्षार्थी तालीम **(Apprenticeship)** कार्यक्रम सञ्चालन अनुमति प्राप्त देहायका आङ्गिक, साझेदार तथा TECS सामुदायिक विद्यालयहरूमा प्रशिक्षार्थी छनोट गरी भर्ना गर्नका लागि तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरूबाट आवेदन फाराम भर्न भराउनु हुन सम्बन्धित शिक्षालय एवं सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

१. **आवश्यक योग्यताः**
   - क. एस.ई.ई. वा सो सरहको परीक्षा उत्तीर्ण गरेको वा सो परीक्षाका सम्पूर्ण विषयको परीक्षामा सहभागी भएको हुनुपर्नेछ।
   - ख. तालीम लिन इच्छुक व्यक्ति सम्बन्धित तालीम/प्रशिक्षणका लागि मानसिक र शारीरिक रूपमा सक्षम हुनुपर्नेछ।
   - ग. कम्तीमा १६ वर्ष पूरा भएको नेपाली नागरिक हुनुपर्नेछ।
   - घ. दलित, जनजाति, अपाङ्ग, मुस्लिम, मधेशी, दुर्गम क्षेत्र तथा विपन्नको हकमा सम्बन्धित स्थानीय निकायको सिफारिस पत्र हुनुपर्नेछ।

२. **परीक्षार्थी छनोटको आधारः**
   योग्य र इच्छुक आवेदकहरू मध्येबाट समग्र मूल्याङ्कन १०० पूर्णाङ्कमध्ये (आवेदन फाराम मूल्याङ्कन–३०, उद्योग/व्यवसायको सिफारिस पत्र ३० र अन्तर्वार्ता–४०) प्राप्ताङ्कको योगफल तथा कार्यक्रम र कोटाका आधारमा योग्यता क्रमानुसार छनोट हुनेछ । साथै यस सम्बन्धी विस्तृत विवरण "**प्रि-डिप्लोमा तह औद्योगिक प्रशिक्षार्थी तालीम (अप्रेन्टिसिप)-प्रशिक्षार्थी छनोट, भर्ना र मूल्याङ्कन निर्देशिका, २०८२**" मा उल्लेख गरिएको छ । सो निर्देशिकामा व्यवस्था भए बमोजिम प्रशिक्षार्थी छनोट, भर्ना र मूल्याङ्कन गर्नु गराउनुहुन अनुरोध छ। उक्त निर्देशिका **https://www.ctevtexam.org.np** वा **https://www.enssure.org.np** वेबसाइटबाट डाउनलोड गर्न सकिनेछ ।

३. **औद्योगिक प्रशिक्षार्थी (Apprentice) ले पाउने सुविधाः**
   - (क) निःशुल्क अध्ययनको अवसर ।
   - (ख) यातायात खर्च बापत प्रति प्रशिक्षार्थी प्रति हाजिरी दिन रु. १००।- दरले उपलब्ध हुने ।

४. **शैक्षिक सत्र २०८२/०८३ का लागि औद्योगिक प्रशिक्षार्थी तालीम (Apprenticeship) कार्यक्रम सञ्चालन गर्ने शिक्षालय/विद्यालय/ प्रतिष्ठान तथा कार्यक्रम र स्वीकृत कोटा सम्बन्धी विवरणः**

क) प्रदेश सरकारहरू (सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश सरकार, विराटनगर, मोरङ, मधेश प्रदेश सरकार, शिक्षा तथा संस्कृति मन्त्रालय, जनकपुरधाम, धनुषा, सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश सरकार, हेटौंडा, मकवानपुर, गण्डकी प्रदेश सरकार, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, पोखरा, सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश सरकार, देउखुरी, दाङ, कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, वीरेन्द्रनगर, सुर्खेत, सुदूरपश्चिम प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, धनगढी, कैलाली) मार्फत सञ्चालन हुने औद्योगिक प्रशिक्षार्थी तालीम **(Apprenticeship)** कार्यक्रम अन्तर्गतका शिक्षण संस्थाहरूः

**मधेश प्रदेश अन्तर्गतका शिक्षालय/विद्यालय/प्रतिष्ठानहरूः**

| क्र. सं. | शिक्षण संस्थाको नाम र ठेगाना | शिक्षण संस्थाको प्रकार | औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम | कोटा/ सङ्ख्या |
|---|---|---|---|---|
| १. | जय किसान बहुप्राविधिक शिक्षालय, देवानी गोह्रानी न.पा ९, रौतहट | आङ्गिक | Pre-diploma in Information Technology | २० |
| २. | निर्मल लामा बहुप्राविधिक शिक्षालय, बर्दिबास नगरपालिका ११, महोत्तरी | आङ्गिक | Pre-diploma in Hotel Management | ३० |
| ३. | लहान प्राविधिक शिक्षालय, लाहान नगरपालिका-१०, सिराहा | आङ्गिक | Pre-diploma in Mechanical Engineering | २० |
| ४. | दीपनारायण आदर्श नमुना मा.वि. सखुवा प्रसौनी गाउँपालिका वडा नं. ०२, औराहा पचगावा, पर्सा | TECS सामुदायिक | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | ३० |
| | **जम्मा कोटा/सङ्ख्या** | | | **१००** |

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडीसी

ENSSURE
Enhanced Skills for Sustainable and Rewarding Employment

# पढ्दै, सिक्दै कमाउने सुवर्ण अवसर

**के तपाई SLC/SEE पछि प्राविधिक शिक्षा अध्ययन गर्ने सोचमा हुनुहुन्छ ?**
**यदि हुनुहुन्छ भने सि.टि.इ.भी.टि.को पाठ्यक्रम अनुसार पढ्दै, सिक्दै कमाउने २४-महिने औद्योगिक प्रशिक्षार्थी (अप्रेन्टिशीप) प्रि-डिप्लोमा नि:शुल्क कार्यक्रम संचालन हुँदैछ ।**

## कार्यक्रमको कार्यान्वयन:

यो औद्योगिक प्रशिक्षार्थी तालिमको अवधि जम्मा २४ महिनाको हुन्छ । जसमध्ये ३.५ महिना शिक्षालयमा योग्य प्रशिक्षकहरुको माध्यमबाट पाठ्यक्रम अनुसार सैद्धान्तिक तथा प्रयोगात्मकप्रशिक्षण दिइन्छ । शिक्षालयमा हुने प्रशिक्षण अवधि पश्चात १९.५ महिना कम्पनी सुपरभाइजरको मातहतमा रही सम्बन्धित उद्योग/व्यवसायमा काम गर्दै प्रशिक्षण लिनु पर्दछ । उद्योगमा हप्ताको ५ दिन काम गर्दै सिक्नुपर्दछ भने १ दिन शिक्षालयमा फर्केर बाँकी रहेको पाठ्यक्रमका विषयवस्तुहरु पढ्नुपर्ने हुन्छ ।

## पढाइ हुने विषयहरु र यसका वृत्ति पथ :

### १. प्रि–डिप्लोमा : सूचना प्रविधि

**सम्भावित वृत्ति पथ :**

- कम्प्युटर हार्डवेयर टेक्निसियन
- नेटवर्क टेक्निसियन र आइ.टि.टेक्निसियन
- ग्राफिक डिजाइनर/वेभपेज डिजाइनर
- रा.प.अन.चौथो तह वा सो सरह
- सम्बन्धित विषयमा तह २ को प्रशिक्षक हुने अवसर



**अपेक्षित आम्दानी :**
न्यूनतम रु.१९,५५०।–देखि शुरु

**कार्यक्रम संचालन हुने शिक्षालय :**
श्रीजय किसान बहुप्राविधिक शिक्षालय,देवाही गोनाही, रौतहट
फोन :धनोज यादव-९८५५०४४५२९

### २. प्रि–डिप्लोमा : मेकानिकल इन्जिनियरिङ्ग

**सम्भावित वृत्ति पथ :**

- सहायकसब इन्जिनियर/सुपरभाइजर
- सम्बन्धित विषयमा तह २ को प्रशिक्षक हुने अवसर
- रा.प.अन.चौथो तह वा सो सरह
- स्वरोजगार हुने अवसर



**अपेक्षित आम्दानी :**
न्यूनतम रु.१९,५५०।–देखि शुरु

**कार्यक्रम संचालन हुने शिक्षालय :**
श्री लहान प्राविधिक शिक्षालय, लहान–१०, सिराहा
फोन :अनन्त कुमार झा-९८५२८२५३०९

### ३. प्रि–डिप्लोमा : होटल व्यवस्थापन

**सम्भावित वृत्ति पथ :**

- होटल व्यवसायी
- कुक/वेटर/हाउस किपिंग/फ्रन्ट डेस्क व्यवस्थापक
- डिपार्टमेन्ट सुपरभाइजर
- सम्बन्धित विषयमा तह २ को प्रशिक्षक हुने अवसर



**अपेक्षित आम्दानी :**
न्यूनतम रु.१९,५५०।–देखि शुरु

**कार्यक्रम संचालन हुने शिक्षालय :**
श्री निर्मल लामा बहुप्राविधिक शिक्षालय, बर्दिवास,महोत्तरी
फोन :सुमन सत्याल-९८४९१६६३१७

---

### ४.प्रि–डिप्लोमा :पुर्व बाल विकास सहजकर्ता

**सम्भावित वृत्ति पथ :**

- Montessoriसंचालक
- ECDसहजकर्ता
- Montessoriशिक्षक



**अपेक्षित आम्दानी :**
न्यूनतम रु.१९,५५०।–देखि शुरु

**कार्यक्रम संचालन हुने शिक्षालय :**
श्री दीपनारायण आदर्श नमूना मा.वि. सखुवाप्रसौनी, पर्सा
फोन :शिवनाथ प्रसाद थारु-९८५५०२२५००

**भर्ना हुनका लागि न्यूनतम योग्यता :**

- न्यूनतम SLC/SEE परीक्षामा सहभागी भएको हुनुपर्ने ।
- सम्बन्धित विषयको पाठ्यक्रमले तोकेको शैक्षिक योग्यता ।
- मानसिक र शारीरिक रुपमा सक्षम हुनुपर्ने ।
- १६ वर्ष पुरा भएको नेपाली नागरिक हुनुपर्ने ।

**प्रशिक्षार्थीले पाउने सेवा सुविधाहरु :**

- काम गर्दै, सिक्दै कमाउने अवसर ।
- हातमा सीप र प्रमाणपत्र दुबै हुने ।
- रोजगारीको ग्यारेन्टी हुने ।
- यातायात खर्च बापत दैनिक रु.१०० का दरले २४ महिनासम्म प्राप्त हुने ।
- वर्षमा एकपटक पोशाक खर्च बापत रु.३०००।– प्राप्त हुने ।
- न्यूनतम ज्यालाको २५% रकम उद्योगबाट प्रोत्साहन स्वरुप प्राप्त हुने ।
- श्रम ऐन बमोजिम दुर्घटना बिमाको सुविधा प्राप्त हुने ।
- १९.५ महिना सम्बन्धित उद्योगमा काम गरेको अनुभवहुने ।

**थप जानकारीका लागि :**

मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय, जनकपुरधाम, धनुषा
दिगो तथा सम्मानित रोजगारीका लागि सीप (इन्स्योर) परियोजना
परियोजना सहयोग इकाई, जनकपुरधाम
बल बहादर पौडेल : ९८४२३०१११६, संतोष अधिकारी : ९८६४२५०७१६